नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(नीति, योजना तथा अनुगमन शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या :२०८०/८१
च.नं. : नी.यो.अ./ ११६

मिति २०८०/०९/२७
नेपाल सम्वत् ११४४

विषयः "लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रमबाट विभिन्न संघ संस्थालाई दिने अनुदान" कार्यक्रम सञ्चालनको लागि स्थानीय तहबाट आवेदन माग गर्ने सम्बन्धी सूचना

श्री स्थानीय तह (सबै ७५३)

यस मन्त्रालयबाट "लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रमबाट विभिन्न संघ संस्थालाई दिने अनुदान" कार्यक्रम अन्तर्गत स्थानीय तह मार्फत उपलब्ध गराईने सशर्त अनुदानको लागि सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन इच्छुक सबै स्थानीय तहहरुलाई जानकारीको लागि अनुरोध गरिन्छ। स्थानीय तहहरुले यस सूचना बमोजिमको आवेदन मन्त्रालयको ईमेल planningmowcsc@gmail.com मा वा मन्त्रालयमा पनि दर्ता गर्न सक्नेछन् ।

यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा नीति, योजना तथा अनुगमन शाखाको फोन नम्बर ०१४२००२५१ मा सम्पर्क गर्न सकिनेछ ।

अनुदान रकम उपलब्ध गराउने:

मन्त्रालयले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकारको प्रवर्द्धन गर्ने क्षेत्रमा काम गर्ने गरी संस्था परिचालन गर्नका लागि यस मन्त्रालयद्धारा स्वीकृत "सशर्त अनुदान सम्बन्धी कार्यविधि",२०८० बमोजिम छनौटमा परेका स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराउनेछ । उक्त कार्यविधि मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिएको छ ।

स्थानीय तहको दायित्व :

यस कार्यविधि बमोजिम मन्त्रालयबाट अनुदान रकम उपलब्ध गराइएका स्थानीय तहको दायित्व देहाय बमोजिम हुनेछः—

(क) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विकास, संरक्षण तथा व्यवस्थापनको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने,

(ख) संस्थालाई प्रदान गरेको रकमको वित्तीय तथा भौतिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समिति मार्फत बार्षिक रुपमा मन्त्रालयमा पठाउने,

(ग) अनुदान रकम उपलब्ध गराएका संस्थाको कार्यक्रमको अनुगमन गर्ने,

(घ) उपलब्ध गराएका अनुदान रकमको लेखापरीक्षण गराउने,

(ङ) कार्यक्रम सञ्चालनमा मन्त्रालयबाट स्वीकृत कार्यविधिलाई आधार लिनु पर्नेछ ।

लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रम सञ्चालनको लागि

.....................गाँउ/नगर/उपमहानगर/महानगर पालिकाले पेश गरेको

आवेदन

श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषय: आवेदन पेश गरिएको

तहाँ मन्त्रालयको वेवसाइटमा मिति २०८०/०९/२६ मा प्रकाशित सूचना बमोजिम यस गाँउ/नगर/उपमहानगर/महानगर पालिकाले स्थानीय तहमार्फत उपलब्ध गराइने "लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रमबाट विभिन्न संघसंस्थालाई दिने अनुदान" को लागि देहायको विवरण सहित यो आवेदन पेश गरिएको छ।

१. स्थानीय तहको

- नाम
- पुरा ठेगाना

२. कार्यक्रम सञ्चालन गर्ने क्षेत्र:

- ☐ महिला
- ☐ बालबालिका
- ☐ ज्येष्ठ नागरिक
- ☐ अपाङ्गता
- ☐ यौनिक तथा लैङ्गिक अल्पसंख्यक

३. कार्यक्रमको उदेश्य

- ................................
- ..................................
- ....................................
- ..............................

४. मुख्य क्रियाकलापहरु

(जस्तै: उद्यमशिलता विकास, क्षमता विकास, सीप विकास आदि)

५. अनुमानित बजेट रकम:

६. स्थानीय तहबाट साझेदारी गर्न सकिने बजेट रकम:

| सम्बन्धित स्थानीय तहको छाप |
|---|

...........................

दस्तखत

नाम:

पद: